


वर्ष ४० | अंक ८ | नेपाल राष्ट्र बैंक समाचार | वैशाख २०७३ | अप्रिल-मे २०१६

# नेपाल राष्ट्र बैंक र China Banking Regulatory Commission (CBRC) बीच सुपरवेक्षकीय जानकारी आदान-प्रदान गर्ने सम्बन्धी सहमति-पत्रमा हस्ताक्षर

गभर्नर डा. चिरंजीबि नेपालले नेपाल राष्ट्र बैंक र China Banking Regulatory Commission (CBRC) बीच सुपरिवेक्षकीय सूचना आदान-प्रदान गर्ने तथा बैंक सुपरिवेक्षणका क्षेत्रमा सम्बन्ध र सहयोग विस्तार गर्ने उद्देश्यले २०७२ चैत ८ गते तद्नुसार मार्च २१, २०१६ का दिन एक सहमति-पत्र (Memorandum of Understanding - MOU) मा हस्ताक्षर गर्नुभयो ।



चीनको बेइजिङमा आयोजित उक्त सहमति-पत्र हस्ताक्षर समारोहमा दुवै देशका प्रधानमन्त्रीहरुको उपस्थिति रहेको थियो । आ-आफ्नो सुपरिवेक्षण क्षेत्राधिकार अन्तर्गत पर्ने वाणिज्य बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षण गर्नका लागि नेपाल राष्ट्र बैंकले सम्बन्धित विदेशी सुपरिवेक्षण अधिकारीसँग पारस्परिकताको आधारमा सहयोगको आदान-प्रदान तथा सो प्रयोजनका लागि प्राप्त जानकारी वा सूचना भंग नहुने गरी विदेशी सुपरिवेक्षण अधिकारीसँग सूचना/जानकारी आदान-प्रदान गर्न सक्ने कानुनी व्यवस्था अनुरुप गरिएको उक्त सम्झौता नेपाल राष्ट्र बैंकका लागि विदेशी सुपरिवेक्षण अधिकारीसँग गरिएको दोस्रो सहमति-पत्र हो । यस अघि २०७२ भाद्र २८ मा नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंक बीच यस्तो सहमति पत्रमा हस्ताक्षर भएको थियो ।

सम्माननीय प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीज्यूको औपचारिक चीन भ्रमणको क्रममा सम्पन्न सो कार्यक्रममा सहभागी हुन चैत ७ गते त्यसतर्फ प्रस्थान गर्नु भएका गभर्नर डा. नेपाल १० गते स्वदेश फर्कनु भयो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल पनि सो समारोहमा सहभागी हुनुहुन्थ्यो ।

# गभर्नर डा. नेपालद्वारा दक्षिण कोरियाको इन्चेनमा Financing for Development in Asia and the Pacific कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपाल UNESCAP र Ministry of Foreign Affairs, Republic of Korea ले मार्च ३०, २०१६ देखि मार्च ३१, २०१६ सम्म दक्षिण कोरियाको इन्चेनमा आयोजना गरेको Financing for Development in Asia and the Pacific कार्यक्रममा सहभागी हुनुभयो । उक्त अवसरमा उहाँले Financial Inclusion in Asia and Pacific विषयमा Panelist को रुपमा सम्बोधन गर्दै नेपालमा वित्तीय समावेशीकरणको वर्तमान अवस्था, यस सम्बन्धमा विगतमा तथा हाल लिइएका नीति तथा कार्यक्रमहरु, वित्तीय समावेशीकरणका सन्दर्भमा नेपालका प्राथमिकता एवम् चुनौतीहरुका बारेमा प्रकाश पार्नुभयो । सहभागीहरुबाट सोधिएको जिज्ञासालाई सम्बोधन गर्ने क्रममा गभर्नर डा. नेपालले वित्तीय समावेशीकरणको विकास समग्र आर्थिक विकासको स्तरले पनि निर्धारण गर्ने कुरा बताउनु भयो ।



बाँकी २ पेजमा

! k]hsf]afsL

**गभर्नर डा. ...**

विभिन्न देश तथा संस्थाहरुका उच्च तहका १५० भन्दा बढी प्रतिनिधिहरुको सहभागितामा दुई दिनसम्म चलेको उक्त कार्यक्रममा regional tax cooperation; capital markets, securities commissions and regulations in Asia and the Pacific; financing for infrastructure development; climate finance; South-South cooperation and triangular development cooperation with a focus on the countries with special needs लगायतका विषयमा समेत छलफल भएको थियो ।

सो कार्यक्रममा सहभागी हुन चैत १५ गते दक्षिण कोरियाको Incheon तर्फ प्रस्थान गर्नु भएका गभर्नर डा. नेपाल चैत २० गते स्वदेश फर्कनु भयो । उहाँका साथ गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।




# शंकास्पद मुद्रा पहिचान सम्बन्धी अनुशिक्षण कार्यक्रम

बैंकिङ कार्यालयले चैत १८ थापाथलीमा शंकास्पद विदेशी मुद्रा पहिचान सम्बन्धी अनुशिक्षण कार्यक्रमको आयोजना गऱ्यो ।

सो अनुशिक्षण कार्यक्रममा बैंकिङ कार्यालयका कार्यकारी निर्देशक राजनबिक्रम शाहले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य र व्यावहारिक महत्व माथि प्रकाश पार्नुभयो । उहाँले कार्यक्रमका लागि स्रोत व्यक्ति उपलब्ध गराउने सिंगापुरस्थित एजेन्सी बैंक United Overseas Bank लाई धन्यवाद पनि दिनुभयो ।

उक्त कार्यक्रममा स्रोत व्यक्तिका रुपमा United Overseas Bank बाट आउनु भएका Mr. Donny Teo Chun Ming र Mr. Chan Siew Wei ले शंकास्पद विदेशी मुद्रा पहिचान सम्बन्धी विषयमा अनुशिक्षण प्रदान गर्नुभयो । प्रत्यक्ष अन्तरक्रिया र सक्रिय छलफलका आधारमा सञ्चालित सो कार्यक्रममा उहाँहरुले सहभागीहरुले उठाएका जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरु, विभिन्न वाणिज्य तथा विकास बैंकहरु, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला र नेपाल प्रहरीबाट गरी कुल ३० जनाको सहभागिता रहेको थियो ।

## डेपुटी गभर्नरद्वयको विभागीय जिम्मेवारी हेरफेर

डेपुटी गभर्नरद्वयको विभागीय जिम्मेवारीमा केही परिवर्तन भएको छ । सो परिवर्तन अनुसार डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी अन्तर्गत विदेशी विनिमय व्यवस्थापन विभाग, राष्ट्र ऋण व्यवस्थापन विभाग, अनुसन्धान विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, मुद्रा व्यवस्थापन विभाग, भुक्तानी तथा फछ्र्यौट विभाग, वित्त व्यवस्थापन विभाग, बैंकिङ कार्यालय र काठमाडौं उपत्यका बाहिरका कार्यालयहरुको जिम्मेवारी रहेको छ भने डेपुटी गभर्नर शिवराज श्रेष्ठ मातहत बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, संस्थागत योजना विभाग, जनशक्ति व्यवस्थापन विभाग, सामान्य सेवा विभाग, सूचना प्रविधि विभाग र समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाको जिम्मेवारी राखिएको छ ।

## बैंकिङ सेवा थापाथलीबाट

२०७२ वैशाखको भूकम्पमा थापाथलीमा रहेको कार्यालय भवन भत्किएका कारण बालुवाटारबाट प्रदान गरिँदै आएको बैंकिङ कार्यालयको सेवा चैत २६ गतेदेखि थापाथली परिसरबाट सञ्चालन भएको छ ।

## कर्मचारी सेवा विनियमावली, २०६८ मा संशोधन/थप

कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम ८८ उपविनियम (१) मा संशोधन भएको छ । उक्त संशोधनबाट सुत्केरी बिदाको अवधि कुल ९८ दिन बनाइएको छ । साथै, विनियम ८९ मा उपविनियम (६) थप गरी प्रसुति बिदा तथा प्रसुति स्याहार बिदा लिने कर्मचारीलाई रु. ५,०००।- शिशु स्याहार खर्च प्रदान गरिने व्यवस्था गरिएको छ ।

## स्मारिका सिक्का निष्काशन

२०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र जारी भएको ऐतिहासिक अवसरमा रु. १००।- दरको क्युप्रोनिकेल धातुको स्मारिका सिक्का र रु. २,०००।- दरको २५ ग्राम चाँदीको स्मारिका सिक्का निष्काशन गरी सर्वसाधारणहरुले उक्त स्मारिका सिक्का सुन्धारास्थित टक्सार महाशाखाबाट खरिद गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

## एकीकृत कारोबार

साविकका सिटी डेभलपमेन्ट बैंक लिमिटेड र ओम फाइनान्स लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई ओम डेभलपमेन्ट बैंक लिमिटेड नामको "ख" वर्गको राष्ट्रियस्तरको इजाजतपत्रप्राप्त वित्तीय संस्था कायम भई साविकका दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार चैत २२ गते सोमबारदेखि ओम डेभलपमेन्ट बैंक लिमिटेडको नामबाट एकीकृत रुपमा सञ्चालन भएको छ ।

यसैगरी, गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लिमिटेड र काठमाण्डौं फाइनान्स लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई गोर्खाज फाइनान्स लिमिटेड नामको "ख" वर्गको राष्ट्रियस्तरको इजाजतपत्रप्राप्त वित्तीय संस्था कायम भएको छ र साविकका दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार चैत २८ गते आइतवारका दिनदेखि गोर्खाज फाइनान्स लिमिटेडको नामबाट एकीकृत रुपमा सञ्चालन भएको छ ।

# गभर्नर डा. चिरंजीबि नेपालसँग IMF Staff Visit Mission मा रहेको IMF प्रतिनिधि मण्डलद्वारा शिष्टाचार भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग IMF Staff Visit Mission का क्रममा नेपाल भ्रमणमा रहेको अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को Gerard J. Almekinders को नेतृत्वमा आएको प्रतिनिधि मण्डलले चैत्र २२ गते शिष्टाचार भेटवार्ता गर्‍यो ।



सो भेटवार्तामा मिसन प्रमुख Gerard ले भूकम्प तथा आपूर्ति व्यवस्थामा भएको व्यवधान पश्चात्को नेपालको आर्थिक अवस्थाका बारेमा जिज्ञासा राख्नुभयो । उहाँले मुद्रास्फीति तथा उच्च तरलताको स्थिति एवम् असहज अवस्थामा बैंकिङ क्षेत्रको मुनाफामा पर्ने असर र निष्क्रिय कर्जाका बारेमा पनि जिज्ञासा राख्नुभयो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले देशको वर्तमान आर्थिक स्थितिका बारेमा जानकारी गराउनु हुँदै अर्थतन्त्र सामान्य अवस्थामा फर्किसकेकोले चालू आर्थिक वर्षको अन्त्यसम्ममा मुद्रास्फीति एकल अंकमा झर्ने र अन्य सूचकहरुमा समेत सुधार आउने अपेक्षा गर्नुभयो । उहाँले विप्रेषण आप्रवाहमा वृद्धि तथा कर्जा प्रवाहमा आएको सुस्तताले बैंकिङ प्रणालीमा उच्च तरलताको स्थिति रहेको उल्लेख गर्दै क्रमशः आर्थिक कारोबार बढ्न थालेकोले कर्जा प्रवाह एवम् सरकारको पुँजीगत खर्च बढ्न गई तरलतामा सुधार आउने बताउनु भयो । साथै, आवश्यकतानुसार उपयुक्त मौद्रिक उपकरण प्रयोग गरी तरलता प्रशोचन गरिएको जानकारी दिँदै उहाँले यस सम्बन्धमा विस्तृत अध्ययन गरी सुझाव दिन IMF को Liquidity Technical Assistance Mission समेत नेपाल भ्रमणमा रहेको पनि उल्लेख गर्नुभयो ।

सोही क्रममा गभर्नर डा. नेपालले असहज अवस्थामा बैंकिङ प्रणालीलाई सुरक्षित राख्दै जनविश्वास कायम राख्न केन्द्रीय बैंक तथा नेपाल सरकारको तर्फबाट बैंक तथा वित्तीय संस्थाहरुलाई केही सहुलियतहरु प्रदान गरिएको भए तापनि अर्थतन्त्र सामान्य अवस्थामा फर्केपछि सहुलियतहरुलाई निरन्तरता दिन सान्दर्भिक नहुने पनि बताउनु भयो । यस सन्दर्भमा बैंकिङ प्रणालीको स्थायित्वमा नेपाल राष्ट्र बैंक सजग रहेको र जोखिममा आधारित सुपरिवेक्षणका माध्यमबाट बैंक तथा वित्तीय संस्थाहरुलाई निगरानी गरिरहेको पनि बताउनुभयो ।

प्रतिनिधि मण्डलमा IMF का तर्फबाट Masayoshi Chida र Yu Ching Wong समेत सहभागी हुनुहुन्थ्यो । यसै गरी, नेपाल राष्ट्र बैंकका तर्फबाट डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ लगायत कार्यकारी निर्देशकहरुको उपस्थिति रहेको थियो ।

# गभर्नर डा. नेपालसँग IMF Liquidity Technical Assistance Mission को प्रतिनिधिमण्डलद्वारा शिष्टाचार भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग IMF Liquidity Technical Assistance Mission का क्रममा नेपाल भ्रमणमा रहेको अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को Bernard Laurens को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले चैत्र २३ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गर्‍यो ।

भेटवार्ताका अवसरमा मिसन प्रमुख Bernard ले नेपालको सन्दर्भमा liquidity volatility व्यवस्थापन महत्वपूर्ण रहेको उल्लेख गर्नुहुँदै यसका लागि Bond Market को समेत विकास गरी पुँजी बजारलाई थप विकसित गर्नुपर्ने आवश्यकता रहेको बताउनु भयो । उहाँले तरलता व्यवस्थापनका सम्बन्धमा नेपाल राष्ट्र बैंकको कोष प्रतिको अपेक्षाका बारेमा समेत जिज्ञासा राख्नुभयो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले भूकम्प तथा नाकाबन्दी पश्चात् आर्थिक क्रियाकलापमा आएको सुस्तता, लगानीका क्षेत्रहरु बढ्न नसकेको अवस्था एवम् विप्रेषण आप्रवाहमा भएको वृद्धिले बैंकिङ क्षेत्रमा अधिक तरलताको स्थिति रहेको उल्लेख गर्दै केन्द्रीय बैंकले मौद्रिक उपकरणहरुको प्रयोग गरी तरलता व्यवस्थापन गरिरहेको बताउनु भयो । सो क्रममा उहाँले तरलता व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकले प्रयोगमा ल्याएका मौद्रिक उपकरणहरुको प्रभावकारिताको विस्तृत अध्ययन गरी थप आवश्यक औजार परिचालन गर्नु उपयुक्त हुने भए सो सम्बन्धमा आवश्यक सुझाव दिन कोषलाई आग्रह गर्दै यस सम्बन्धमा कोषको अन्तर्राष्ट्रिय अनुभव नेपालका लागि महत्वपूर्ण हुने समेत बताउनुभयो ।

प्रतिनिधि मण्डलमा IMF का तर्फबाट Ms. Runchana Pongsaparn, Ms. Mariam El Hamiani र Mr. Prasad Ananthakrishnan समेत सहभागी हुनुहुन्थ्यो ।



# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

गभर्नरको कार्यालयले चैत्र २९ मा आयोजना गरेको Knowledge Sharing Session मा IMF का पूर्व Senior Economist Mr. Kenneth Sullivan ले "Central Bank Capital Structures and the Experience of the Global Financial Crisis" विषयमा प्रस्तुति दिनुभयो ।




प्रस्तुतिका क्रममा उहाँले कुनै पनि देशको केन्द्रीय बैंकलाई Balance Sheet नाफा कमाउन नभई केन्द्रीय बैंकको आधारभूत कार्य गर्नलाई चाहिने धारणा व्यक्त गर्नुभयो । Balance Sheet मा रहने Assets/Liabilities केन्द्रीय बैंकलाई मौद्रिक नीति सञ्चालन गर्न तथा कानुनत प्राप्त जिम्मेवारीहरु पूर्ण गर्न चाहिने तथ्य उल्लेख गर्नुभयो । प्रस्तुतिका क्रममा उहाँले विश्वमा QE/non-QE गरी दुई पद्धतिमा केन्द्रीय बैंकहरु सञ्चालनमा रहेको तथ्य उल्लेख गर्नुहुँदै सो केन्द्रीय बैंकहरुमा Global Financial Crisis पश्चात परेको असर बारे प्रकाश पार्नुभयो । यसै क्रममा उहाँले केन्द्रीय बैंक सञ्चालन गर्न र मूल्य तथा विनिमय दरमा आउने अस्थिरताबाट हुन सक्ने नोक्सानीबाट बच्न पुँजीको महत्वपूर्ण भूमिका रहेको तथ्य प्रष्ट पार्नुभयो । सोही क्रममा उहाँले Balance Sheet को आकार व्यवस्थापन महत्वपूर्ण रहेको र सँगसँगै नेपाल जस्तो विकासोन्मुख देशमा Balance Sheet को संरचना व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण रहेको बताउनु भयो ।



सन् २००८ को घटनाक्रम पश्चात् विभिन्न देशका केन्द्रीय बैंकहरुमा परेको असरहरुको तथ्याङ्क र चार्ट प्रस्तुत गर्दै नेपाल राष्ट्र बैंकले भने आफ्नो Balance Sheet को प्रभावकारी व्यवस्थापन गरेको तथ्य माथि प्रकाश पार्नुभयो ।

तत्कालीन कायममुकायम गभर्नर चिन्तामणि शिवाकोटिले स्वागत मन्तव्य तथा डेपुटी गभर्नर शिवराज श्रेष्ठले मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरु, निर्देशकहरु, तथा विभिन्न विभागका अधिकृतहरुको सहभागिता रहेको थियो ।

# गभर्नर डा. नेपालबाट वार्षिक साधारणसभालाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले चितवन केरा उत्पादक संघको दोस्रो साधारण सभा चितवनको रत्ननगरमा चैत २५ गते उद्घाटन गर्नुभयो ।



व्यवसायिक केरा खेतीको पहिचान, कृषिमा नयाँ अभियानको नारा साथ उद्घाटन भएको सो सभालाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै गभर्नर डा. नेपालले मुलुकको केरा खेतीमध्ये २५ सय बिगाहा जमीनमा फैलिएको चितवनको केरा खेतीलाई समय अनुसार व्यवस्थित र सुरक्षित तवरले संचालन गर्नु पर्ने बताउनु भयो ।

स्वदेशी केराको प्रचार प्रसार गरी उपभोक्तालाई गुणस्तरीय केरा आपूर्ति गर्न गभर्नर डा. नेपालले सुझाव दिनुभयो । स्वदेशमा केरा उत्पादन लगायत थुप्रै अवसरहरू रहेकोले ती अवसरहरुको उपयोग गरी आत्मनिर्भर बन्न सल्लाह दिँदै उहाँले केरा खेतीको बीमा गरी त्यसबाट बढीभन्दा बढी लाभ लिन कृषकहरूसँग आग्रह गर्नुभयो । विज्ञहरूबाट आवश्यक सरसल्लाह लिई सोही बमोजिम् गरेमा केरा खेती बिग्रनबाट जोगिने कुरा पनि उहाँले बताउनु भयो ।

सो अवसरमा गभर्नर डा. नेपालले प्रतिस्पर्धात्मक रूपमा केरा खेतीमा लाग्नु पर्ने कुरामा जोड दिनुभयो । नेपाल राष्ट्र बैंकले कृषि कर्जाको लागि व्यवस्था गरेको सहुलियत दरको ऋण तथा अनुदान लिई फाइदा उठाउन सम्पूर्ण केरा व्यवसायीहरूसँग अनुरोध पनि गर्नुभयो ।




उक्त साधारण सभामा चितवन जिल्ला प्रमुख अधिकारी, चितवन सुरक्षा निकायका प्रमुख, कृषि व्यवसायीहरु, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरु लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## सर्वसाधारणको निक्षेपको सुरक्षाको लागि नेपाल राष्ट्र बैंक कटिबद्ध : गभर्नर

गभर्नर डा. चिरंजीबि नेपालले 'मर्जर मात्र अबको विकल्प हो ?' शीर्षक गोष्ठीमा बैंक तथा वित्तीय बजारमा निक्षेपकर्ताहरुको ठुलो रकम लगानी हुन नसकेको, १३ वटा बैंक तथा वित्तीय संस्थाहरु समस्याग्रस्त रहेको र बैंक तथा वित्तीय संस्थाका कमजोरीका कारण यस्तो परिस्थिति सिर्जना भएको बताउनु भयो ।




चैत ५ गतेको सो गोष्ठीमा गभर्नर डा. नेपालले केन्द्रीय बैंकले सर्वसाधारणको निक्षेपको सुरक्षाको लागि आफ्नो जिम्मेवारी पूरा गरिरहेको उल्लेख गर्नुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाहरु सहज रुपमा मर्जरमा जानु ठिक रहेको तर संस्थाको कम मूल्य कायम गरी मर्जरमा जानु भन्दा संचालकहरुले सकेसम्म आफैले पुँजी वृद्धिका लागि पहल गर्नँ उपयुक्त हुने पनि बताउनु भयो ।

'अर्थको अर्थ' कार्यक्रम निर्माता आइबिएन मिडिया एण्ड रिसर्चले धुलिखेलमा आयोजना गरेको सो कार्यक्रममा नेपाल राष्ट्र बैंकका पूर्व डेपुटी गभर्नर महाप्रसाद अधिकारीले वित्तीय व्यवस्थालाई सही दिशा दिन र जोखिम कम गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरुको लगानी क्षमता बढाउने उद्देश्यले मर्जर तथा एक्विजिसन कानुन ल्याइएको उल्लेख गर्नुभयो ।

उक्त गोष्ठीमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डेले कार्यपत्र प्रस्तुत गर्नु हुँदै बैंक तथा वित्तीय संस्थाहरुले मर्जरमा जाँदा वित्तीय परिसूचकहरुमा पनि ध्यान दिनुपर्ने बताउनु भयो । नेपाल बैंकर्स संघका अध्यक्ष उपेन्द्र पौडेलले मर्जर सम्बन्धी आफ्नो अनुभव सुनाउनु भयो । सोही संघका उपाध्यक्ष किशोर महर्जनले पनि उक्त अवसरमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने कर्पोरेट कानुनका ज्ञाता गान्धी पण्डितले मर्जरका कानुनी जटिलताहरुका सम्बन्धमा विचारहरु राख्नुभयो ।

दुई दिनसम्म संचालन भएको उक्त गोष्ठीमा विभिन्न बैंक तथा वित्तीय संस्थाका अध्यक्षहरु, संचालकहरु तथा व्यवस्थापन प्रमुखहरु गरी करिब ३५ जनाको उपस्थिति रहेको थियो ।

**नेपाल राष्ट्र बैंक समाचार**
**www.nrb.org.np मा समेत पढ्न सकिन्छ ।**

## गभर्नर डा. नेपाल विद्यार्थीसँग गभर्नर कार्यक्रममा

गभर्नर डा. चिरंजीबि नेपालले चैत ५ गते Global Money Week को पाँचौं वार्षिकोत्सवको अवसरमा अर्थ फाउण्डेसन नेपालद्वारा आयोजित विद्यार्थीसँग गभर्नर कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।

सो कार्यक्रममा प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै गभर्नर डा. नेपालले देशको भविष्य विद्यार्थीमा नै निर्भर रहेकोले उनीहरुमा वित्तीय चेतना हुनु जरुरी रहेको बताउनु भयो । देशको कुल जनसंख्याको ठुलो हिस्सा अझै पनि बैंकिङ पहुँच बाहिर रहेको बताउनु हुँदै उहाँले घरघरमा पैसाको महत्व बारे सकारात्मक चर्चा र सोच विकास गर्न सकिएमा बैंक तथा वित्तीय संस्थाहरुमार्फत आर्थिककारोवार बढ्ने बताउनु भयो ।




गभर्नर डा. नेपालले विश्वका विभिन्न देशहरुमा विद्यालयको पाठ्य सामग्रीमा नै वित्तीय साक्षरता सम्बन्धी विषय समावेश गरिएको चर्चा गर्दै पैसाको सदुपयोगिता बारे समयमै विद्यार्थीमा ज्ञान प्रवाह गर्ने देशहरु आर्थिक विकासमा अगाडि रहेको यथार्थलाई मनन् गरी नेपाल राष्ट्र बैंकले वित्तीय चेतना विस्तार गर्ने नीति लिएको र सोसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको जानकारी पनि उहाँले दिनुभयो ।

नेपालमा लगानीका सम्भावनाहरु प्रशस्त रहेको उदाहरण दिँदै गभर्नर डा. नेपालले पढ्नुको उद्देश्य जागिर खाने मात्र नभई जागिर दिने प्रकृतिको हुनु पर्नेमा पनि जोड दिनुभयो । आफ्नै देशमा उद्यम, व्यवसाय गरेमा रोजगारी सिर्जना हुने, समग्र आर्थिक गतिविधि बढ्ने र सबैको प्रगति हुने बताउँदै उहाँले पुँजीको महत्व बुझेका र विद्यालयस्तरदेखि नै उद्यमी सोच भएका व्यक्ति सफल व्यवसायी बन्न सक्ने धारणा राख्नुभयो ।

सैनिक आवासीय महाविद्यालय, भक्तपुरमा आयोजित सो कार्यक्रममा गभर्नर डा. नेपाल र सहभागीहरु बीच संक्षिप्त अन्तरक्रिया पनि भएको थियो । सो अन्तरक्रियामा राखिएका जिज्ञासाहरु सम्बोधन गर्दै गभर्नर डा. नेपालले अर्थतन्त्रको विस्तारित आकार अनुसार समायोजन गर्न, लगानी क्षमता अभिवृद्धि गर्न तथा सबल र सक्षम संस्था बनाउन बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धिको प्रावधान ल्याइएको बताउनु भएको थियो ।

अन्तरक्रियाको क्रममा गभर्नर डा. नेपालले नेपाली नोटको निष्काशन प्रक्रियाका बारेमा पनि जानकारी दिनु भएको थियो । कार्यक्रममा शिक्षक तथा विद्यार्थीहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

# कार्यकारी निर्देशकहरु अन्तर्राष्ट्रिय कार्यक्रममा

भुक्तानी तथा फछ्र्यौट विभागका कार्यकारी निर्देशक महेश भट्टराई Bank Negara Malaysia (BNM) ले Kuala Lumpur, Malaysia मा मार्च १४ मा आयोजना गरेको Central Bank Cooperation and Mandates विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका कार्यकारी निर्देशक राजनबिक्रम शाह CIMB Bank ले Singapore मा मार्च १७ देखि १९ सम्म आयोजना गरेको Interaction Program मा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका निर्देशक रामबहादुर मानन्धर पनि सो Interaction Program मा सहभागी हुनुहुन्थ्यो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक विनोद आत्रेय Central Bank of Armenia/ Alliance for Financial Inclusion (AFI) ले Dilijan, Armenia मा मार्च २२ देखि २५ सम्म आयोजना गरेको The 11th Consumer Empowerment & Market Conduct Working Group (CEMCWG) Meeting मा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डे The World Bank & IFID ले Manila, Philippines मा मार्च ३० देखि अप्रिल १ सम्म आयोजना गरेको BASEL Principles & International Good Practices on Central Regulatory & Supervisory Banking Procedures मा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभाग (हाल गभर्नरको कार्यालय) का कार्यकारी निर्देशक हरिप्रसाद काफ्ले DEUTSCHE BUNDESBANK ले Frankfurt, Germany मा मार्च अप्रिल ४ देखि ८ सम्म आयोजना गरेको Seminar on Banking Supervision within the Basel framework-advanced मा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका कायम मुकायम कार्यकारी निर्देशक ख्यामनारायण ढकाल RFI Responsible Finance/BNM ले Kuala Lumpur, Malaysia मा मार्च ३०-३१ मा आयोजना गरेको RFI Responsible Finance Summit 2016 Theme: Unlocking Finance, Expanding Impact मा सहभागी हुनुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका कायम मुकायम कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ DEUTSCHE BUNDESBANK ले Frankfurt, Germany मा मार्च ३० देखि अप्रिल १ सम्म आयोजना गरेको Expert Panel on IT Auditing मा सहभागी हुनुभयो ।

# अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक बलराम पराजुली Microcredit Summit Campaign/Arab Gulf Program for Development (AGFUND) ले Abu Dhabi, UAE मा मार्च १४ देखि १७ सम्म आयोजना गरेको 18th Microcredit Summit Frontier Innovations in Financial Inclusion मा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका निर्देशक नरेश शाक्य Bank Indonesia ले Jakarta, Indonesia मा मार्च २८ देखि अप्रिल १ सम्म आयोजना गरेको Central Banking Training मा सहभागी हुनुभयो । उपनिर्देशकहरु जनशक्ति व्यवस्थापन विभागका विरेन्द्रदत्त अवस्थी, आन्तरिक लेखापरीक्षण विभागका रमेशराज सिग्देल तथा वित्त कम्पनी सुपरिवेक्षण विभागका निश्चल अधिकारी लगायत मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशकहरु केदारप्रसाद खनाल, राजेन्द्र श्रेष्ठ, जानुका भण्डारी, श्यामकुमार श्रेष्ठ, रेवतीकुमार श्रेष्ठ र गुञ्जनकुमार श्रेष्ठ पनि सो तालिममा सहभागी हुनुहुन्थ्यो । यसैगरी, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशकहरु भानुभक्त जोशी, ईश्वर पन्त र चक्रबहादुर शाहीका साथै राष्ट्र ऋण व्यवस्थापन विभागका सहायक निर्देशकहरु प्रभा रिमाल न्यौपाने, गोमा अधिकारी तथा अशोककुमार अर्याल पनि सो तालिममा सहभागी हुनुहुन्थ्यो । सो तालिममा सहायक निर्देशकहरु विदेशी विनिमय व्यवस्थापन विभागका वसन्तप्रसाद दवाडी, सामान्य सेवा विभागका भुवनराज त्रिपाठी, अनुसन्धान विभागका सञ्जयप्रसाद मिश्र, संस्थागत योजना विभागका बबिता ढुंगाना, विकास बैंक सुपरिवेक्षण विभागका विष्णुप्रसाद नराल, बैंक सुपरिवेक्षण विभागका प्रमेश पोखरेल, वित्त व्यवस्थापन विभागका पूर्णमान थापा र बैंकर्स प्रशिक्षण केन्द्रका बलराम जोशीको पनि सहभागिता रहेको थियो ।

अनुसन्धान विभागका निर्देशक गोपालप्रसाद भट्ट ADB ले Dhaka, Bangladesh मा अप्रिल ३ देखि ७ सम्म आयोजना गरेको Capital Market Infrastructure Capacity Support Project मा सहभागी हुनुभयो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक हरिशरण के. सी. र नेपालगञ्ज कार्यालयका निर्देशक भीष्मप्रसाद उप्रेती The SEACEN Centre ले Sasana Kijang, Kuala Lumpur मा अप्रिल १० देखि १५ सम्म आयोजना गरेको SEACEN-Toronto Centre Course on Crisis Management and Resolution मा सहभागी हुनुभयो । बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक भुवानीप्रसाद गौतम र वित्त कम्पनी सुपरिवेक्षण विभागका सहायक निर्देशक पूर्णबहादुर शाह पनि सो कार्यक्रममा सहभागी हुनु भएको थियो ।

जनशक्ति व्यवस्थापन विभागका निर्देशक देवकुमार ढकाल Bangko Sentral ng Pilipinas ले Manila, Philippines मा अप्रिल ११ देखि अप्रिल १५ सम्म आयोजना गरेको Human Resource Information

क्रमशः ७ पेजमा

System for NRB delegates विषयक कार्यक्रममा सहभागी हुनुभयो । उपनिर्देशकहरु सूचना प्रविधि विभागका दिवस न्यौपाने, वीरगञ्ज कार्यालयका खेमराज पौडेल, वित्त व्यवस्थापन विभागका देवराज वाग्ले, पोखरा कार्यालयका तिलबहादुर गुरुङ र गभर्नरको कार्यालयका रामप्रसाद राजभण्डारी पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । त्यसैगरी, सहायक निर्देशकहरु सिद्धार्थनगर कार्यालयका जीवनप्रकाश पाण्डे, जनशक्ति व्यवस्थापन विभागका कृष्णप्रसाद घिमिरे, आन्तरिक लेखापरीक्षण विभागका नृसिंहहरि दाहाल, वीरगञ्ज कार्यालयका हिमांशरत्न बज्राचार्य, धनगढी कार्यालयका लोकेन्द्रबहादुर कडायतका साथै जनकपुर कार्यालयका मनोहर शिवाकोटी, सूचना प्रविधि विभागका योगेन्द्रसिं थापा, विराटनगर कार्यालयका केदारनाथ पौड्याल, नेपालगञ्ज कार्यालयका किरणकुमार श्रेष्ठ, पोखरा कार्यालयका रामजीप्रसाद अधिकारी र मुद्रा व्यवस्थापन विभागका सोमराजप्रसाद दाहाल लगायत बैंकिङ कार्यालयका कुमार राउत, जनककुमार राजलवट र केशु थापा पनि सो कार्यक्रममा सहभागी हुनु भएको थियो ।

संस्थागत योजना विभागका वसन्तबहादुर शाक्य RBI ले Chennai, India मा अप्रिल ११ देखि १३ सम्म आयोजना गरेको 9th seminar on Currency Management for SAARC Countries मा सहभागी हुनुभयो । वित्त व्यवस्थापन विभागका किशोरकुमार ढकालका साथै मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशकहरु शशिधर अर्याल, राकेश प्रजापती र टेकबहादुर श्रेष्ठ पनि सो सेमिनारमा सहभागी हुनु भएको थियो ।

विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक कमल आचार्य तथा सहायक निर्देशकहरु वित्तीय जानकारी एकाइका दीपककुमार उप्रेती, बैंक सुपरिवेक्षण विभागका मिलन राई र गभर्नरको कार्यालयका तेजबहादुर खाँड Bangko Sentral ng Pilipinas ले Manila, Philippines मा मार्च १४ देखि १८ सम्म आयोजना गरेको Study Visit to the AMLC and relevant Philippine Government Agencie मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशक विरेन्द्रबहादुर बुढा तथा सहायक निर्देशकहरु बैंक सुपरिवेक्षण विभागका चिरञ्जीवी गुरागाईं र बैंकिङ कार्यालयका चिरञ्जीवी शाह IMF ले Bangkok, Thailand मा मार्च २८ देखि अप्रिल १ सम्म आयोजना गरेको Workshop on Compilation and Use of Financial Soundness Indicators (FSIs) मा सहभागी हुनुभयो ।

भुक्तानी तथा फछ्र्यौट विभागका उपनिर्देशक केदारप्रसाद आचार्य तथा बैंकिङ कार्यालयका सहायक निर्देशकहरु ज्ञानेन्द्रबहादुर देउजा, गणेशप्रसाद न्यौपाने र विदुर बुढाथोकी The SEACEN Centre ले Siam Reap, Cambodia मा अप्रिल ३ देखि ८ सम्म आयोजना गरेको 1st SEACEN Foundation Course on Payment and Settlement System मा सहभागी हुनुभयो ।

उपनिर्देशकहरु राष्ट्रऋण व्यवस्थापन विभागका कुलबहादुर के. सी. र नेपालगञ्ज कार्यालयका अशोक घिमिरे तथा जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशकहरु प्रेमलाल ज्ञवाली र खगेन्द्रप्रसाद गौतम The SEACEN Centre ले Kuala Lumpur, Malaysia मा अप्रिल ११ देखि १६ सम्म आयोजना गरेको SEACEN Advanced Leadership Course Theme: Integrative Leadership in Central Banking मा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्याल DEUTSCHE BUNDESBANK ले Hachenburg and Frankfurt, Germany मा अप्रिल ११ देखि २२ सम्म आयोजना गरेको Workshop on Monetary Policy and the Financial System मा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्नुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक पुष्पराज आचार्य Istanbul School of Central Banking, Turkey ले Istanbul, Turkey मा अप्रिल ६ देखि ८ सम्म आयोजना गरेको Seminar on "Internal Audit Practices at Central Banks मा सहभागी हुनुभयो ।

## सरकारी कारोवार निर्देशिका, २०७१ तथा Revenue Management Information System (RMIS) विषयक अनुशिक्षण कार्यक्रम सम्पन्न

बैंकिङ कार्यालयले चैत १२ गते सरकारी कारोबार निर्देशिका, २०७१ तथा Revenue Management Information System (RMIS) विषयक एक दिने अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

नारायणगढमा सम्पन्न उक्त कार्यक्रमको प्रथम चरणमा बैंकिङ कार्यालयका का. मु निर्देशक विमलराज खनालले सहभागीहरुको स्वागत एवम् कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै शुद्ध र समयमै प्राप्त हुने तथ्याङ्कले सरकारी कारोबारको हिसाब मिलान तथा तथ्याङ्क प्रकाशनमा अहम् भूमिका खेल्ने धारणा राख्नु भयो । बैंकिङ कार्यालयका सहायक निर्देशकद्वय धनञ्जय पराजुली र गहेन्द्र कोइरालाले "सरकारी कारोबार निर्देशिका २०७१" को बारेमा वार्ता प्रस्तुत भयो । कार्यक्रमको दोस्रो चरणमा कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवनका प्रमुख कोष नियन्त्रक नारायणदत्त शर्माले TSA and Revenue Management Information System (RMIS) विषयमा वार्ता प्रस्तुत गर्नभयो ।

सो कार्यक्रममा सगरमाथा, जनकपुर, नारायणी, गण्डकी र धौलागिरी अञ्चलका सरकारी कारोबार गर्ने राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक लिमिटेड, ग्लोबल आइएमइ बैक लिमिटेड र बैक अफ काठमाण्डौ लिमिटेडका विभिन्न शाखाहरुका तथा नेपाल राष्ट्र बैंकका जनकपुर, वीरगञ्ज र पोखरा कार्यालयका गरी ५७ जनाको सहभागिता रहेको थियो ।

सहभागीहरुले कार्यक्रमबाट सरकारी कारोबार सम्बन्धमा विस्तृत जानकारी प्राप्त भएको धारणा व्यक्त गर्नं भएको थियो । कार्यक्रमको सञ्चालन बैकिङ कार्यालयका सहायक निर्देशक माधव प्रसाद पोखेलले गर्नु भएको थियो ।

## कार्यकारी निर्देशकहरुको सरुवा

विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक हरिप्रसाद काफ्लेको गभर्नरको कार्यालयमा सरुवा भएको छ । गभर्नरको कार्यालयका कार्यकारी निर्देशक त्रिलोचन पंगेनीको जनशक्ति व्यवस्थापन विभागमा सरुवा भएको छ। सामान्य सेवा विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाको विकास बैंक सुपरिवेक्षण विभागमा सरुवा भएको छ।

## कायम मुकायम मुकरर

राष्ट्र ऋण व्यवस्थापन विभागका निर्देशक भुवन कँडेल मुद्रा व्यवस्थापन विभागको कार्यकारी निर्देशक पदमा कायम मुकायम मुकरर हुनु भएको छ। बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक रमेशकुमार पोखरेल सामान्य सेवा विभागको कार्यकारी निर्देशक पदमा कायम मुकायम मुकरर हुनु भएको छ।

## निर्देशकहरुको सरुवा

गभर्नरको कार्यालयका निर्देशक डा. नेफिल मातङ्गि मास्केको भुक्तानी तथा पछ्यौट विभागमा, पोखरा कार्यालयका निर्देशक नीलम ढुङ्गाना (तिम्सिना) को अनुसन्धान विभागमा, बैंक सुपरिवेक्षण विभागका निर्देशक झलक शर्मा आचार्यको समस्याग्रस्त संस्था रिजोलुसन महाशाखामा र वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक हरिशरण के. सी. तथा विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक रमण नेपालको बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा भएको छ।

यसैगरी, सिद्धार्थनगर कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको गभर्नरको कार्यालयमा, वीरगञ्ज कार्यालयका निर्देशक बमबहादुर मिश्रको बैंक सुपरिवेक्षण विभागमा, आन्तरिक लेखापरीक्षण विभागका निर्देशक सीता घिमिरेको राष्ट्र ऋण व्यवस्थापन विभागमा र समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका निर्देशक रेवतीप्रसाद नेपालको सिद्धार्थनगर कार्यालयमा सरुवा भएको छ।

## बढुवा तथा पदस्थापन

कायम मुकायम निर्देशकहरु रामबहादुर मानन्धर (बैंकिङ कार्यालय), विनोदकुमार तण्डुकार (टक्सार महाशाखा), चिरञ्जीवी चापागाईं (अनुसन्धान विभाग), तेजबहादुर रानामगर (सामान्य सेवा विभाग), रामहरि न्यौपाने (कानुन महाशाखा) र धनञ्जय शर्मा (वित्त व्यवस्थापन विभाग) को निर्देशक पदमा बढुवा भएको छ। उहाँहरु सबैलाई समाचार को हार्दिक बधाई !

बढुवा भई निर्देशक हुनु भएका उहाँहरुको क्रमशः भुक्तानी तथा पछ्यौट विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, पोखरा कार्यालय, सामान्य सेवा विभाग, कानुन महाशाखा र वीरगञ्ज कार्यालयमा पदस्थापन भएको छ।

## कायम मुकायम मुकरर तथा सरुवा

उपनिर्देशकहरु प्रल्हाद थापा (जनशक्ति व्यवस्थापन विभाग), उद्धवलाल रंजितकार (अनुसन्धान विभाग) र चेतप्रसाद उप्रेती (जनकपुर कार्यालय) को निर्देशक पदमा कायम मुकायम भई क्रमशः वित्त व्यवस्थापन विभाग, टक्सार महाशाखा र बैंकिङ कार्यालयमा सरुवा भएको छ।

## सरुवा

अनुसन्धान विभागका सहायक निर्देशक प्रेमप्रसाद आचार्यको गभर्नरको कार्यालयमा सरुवा भएको छ। बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यालय सहयोगी प्रथम गोमा आचार्यको जनशक्ति व्यवस्थापन विभागमा र जनशक्ति व्यवस्थापन विभागका कार्यालय सहयोगी तृतीय निर्मला अधिकारीको बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा (कामकाज) भएको छ।

## अवकाश/सेवा निवृत्त

संस्थागत योजना विभागका निर्देशक रमेश दाहाल र मुद्रा व्यवस्थापन विभागका निर्देशक सुनिल मास्केको बैंक सेवाबाट अवकाश भएको छ। विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशकहरु दामोदरप्रसाद आचार्य र राजन दाहाल, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशकहरु गोकुलचन्द्र अधिकारी र प्रकाश थापा, विराटनगर कार्यालयका उपनिर्देशकहरु प्रकाशराज आचार्य र रामशरण शर्मा दाहालको साथै उपनिर्देशकहरु सुशिल घिमिरे (बैंकिङ कार्यालय), हुमाकान्त पन्थी (संस्थागत योजना विभाग), कृष्णहरि पुडासैनी (विदेशी विनिमय व्यवस्थापन विभाग) तथा उपनिर्देशक(कम्प्युटर) विरेन्द्रकुमार श्रेष्ठ (वित्त कम्पनी सुपरिवेक्षण विभाग) को पनि अवकाश भएको छ।

यसैगरी, सहायक निर्देशकहरु भीष्म सुवेदी (मुद्रा व्यवस्थापन विभाग), रेवन्त कोइराला (वित्त व्यवस्थापन विभाग), कृष्णमुरली अर्याल (सिद्धार्थनगर कार्यालय), लवकुमार थापा (पोखरा कार्यालय) र चक्रबहादुर रावल (नेपालगञ्ज कार्यालय) ले पनि बैंक सेवाबाट अवकाश पाउनु भएको छ।

माथि उल्लेखित कर्मचारीहरु मध्ये उपनिर्देशक (कम्प्युटर) विरेन्द्रकुमार श्रेष्ठ ५८ वर्ष उमेरका कारणले र अन्य सबैजना ३० वर्ष बैंक सेवा अवधिका कारणले सेवा निवृत्त/अवकाश हुनु भएको हो।

## ज्ञान आदानप्रदान कार्यक्रमको निरन्तरता

२०७२ बैशाखको भूकम्पमा कार्यालय भवनहरु भत्किएका कारण केही महिना अवरुद्ध हुन गएको ज्ञान आदानप्रदान कार्यक्रमको श्रृङ्खलालाई गभर्नरको कार्यालयले गत पुस महिनादेखि निरन्तरता दिएको छ। सो श्रृङ्खला अन्तर्गत यस वर्षको पहिलो कार्यक्रम पुस महिनाको २९ गते सम्पन्न भएको थियो। सो कार्यक्रममा अनुसन्धान विभागका सहायक निर्देशक डा. टापप्रसाद कोइरालाले Macroeconomic Modeling and Forecasting विषयमा प्रस्तुति दिनु भएको थियो। माघ महिनाको २९ गते अर्को कार्यक्रम सम्पन्न भएको थियो। सो कार्यक्रममा Financial Development, Repression and Growth in Nepal विषयमा अनुसन्धान विभागका उपनिर्देशक विरेन्द्रबहादुर बुढाले प्रस्तुति दिनु भएको थियो। यस्तै अर्को कार्यक्रममा फागुन २३ गते अनुसन्धान विभागका सहायक निर्देशक गुणराज भट्टले Exchange Rate Policy and Price Stability in Nepal विषयको प्रस्तुति मार्फत ज्ञान आदानप्रदान गर्नु भएको थियो। चैत महिनामा पनि कार्यक्रमको श्रृङ्खलालाई निरन्तरता दिइएको थियो। (सो कार्यक्रमको विस्तृत समाचार पेज ४ मा राखिसकिएको छ।)

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

(आर्थिक वर्ष २०७२/७३ को आठ महिनाको तथ्याङ्कमा आधारित)

## आर्थिक परिदृश्य

इन्धन लगायत अत्यावश्यक वस्तुहरुको आपूर्ति सामान्यीकरण हुने क्रम जारी रहेकोले आर्थिक गतिविधिमा तदनुरुपको सकरात्मक असर पर्ने, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण कार्यको तीव्रतासँगै अर्थतन्त्रले गति लिने र उद्योगहरुको क्षमता उपयोग (capacity utilization) मा सुधार हुने अनुमान गरिएको छ। सिमेन्ट, छड, रोडा एवम् जस्तापाता लगायतका निर्माण सामग्रीहरुको उत्पादन अभिवृद्धि हुनुको साथै रोजगारीमा समेत सकारात्मक असर पर्ने र साहसिक पर्यटकीय सिजन शुरु भएकोले पर्यटन क्षेत्रमा विस्तार आउने अपेक्षा रहेको छ।

प्रमुख हिउँदे बालीहरुमध्ये गहुँको उत्पादनमा केही कमी आउने देखिए तापनि बेमौसमी तरकारी र मकैको उत्पादन केही वृद्धि हुने अनुमान रहेको छ। बैंक तथा वित्तीय संस्थाहरुमा पर्याप्त तरलता हुनुको साथै सरकारको स्रोत परिचालन सन्तोषजनक रहेको र विप्रेषण आप्रवाहमा विस्तार भइरहेकोले समष्टिगत मागमा विस्तार आउने र त्यसले आर्थिक गतिविधिमा वृद्धि ल्याउने अपेक्षा छ।

## मुद्रास्फीति

उपभोक्ता मुद्रास्फीति २०७२ पुस महिनाको उच्च विन्दु १२.१ प्रतिशतबाट २०७२ फागुनमा १०.२ प्रतिशतमा झरेको छ। वार्षिक विन्दुगत आधारमा २०७२ फागुनमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क वृद्धिदर १०.३ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर १०.२ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा दलहन तथा गेडागुडीको मूल्य ३१.६ प्रतिशत र घ्यू तथा तेलको मूल्य १८.८ प्रतिशतले बढेको छ। मसला र लत्ता कपडा तथा जुत्ताको मूल्यमा क्रमशः १६.६ प्रतिशत र १५.३ प्रतिशतले वृद्धि भएको छ। क्षेत्रगत आधारमा विश्लेषण गर्दा काठमाडौं उपत्यकामा उपभोक्ता मुद्रास्फीति १२.७ प्रतिशत, पहाडमा १०.४ प्रतिशत, तराईमा ८.६ प्रतिशत र हिमालमा ८.५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर काठमाडौं उपत्यका र पहाड दुबैमा ७.१ प्रतिशत र तराईमा ६.९ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७२/७३ को फागुन महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीतिदर ५.५ प्रतिशत रहेको छ। थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ९.१ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ६.३ प्रतिशतले वृद्धि भएको छ भने आयातित वस्तुहरुको मूल्य सूचकाङ्क २.८ प्रतिशतले घटेको छ।

आर्थिक वर्ष २०७२/७३ को फागुन महिनामा भारतको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.८ प्रतिशत रहेको तुलनामा नेपालको १०.२ प्रतिशत रहेको छ। समीक्षा अवधिमा यी दुई मुलुक बीचको उपभोक्ता मुद्रास्फीति अन्तर ५.४ प्रतिशत रहेको छ।

## वैदेशिक व्यापार

आर्थिक बर्ष २०७२/७३ को आठ महिनामा कुल वस्तु निर्यात २४.९ प्रतिशतले ह्रास आई रु. ४२ अर्ब ७३ करोडमा सीमित भएको छ। भारततर्फ ३४.५ प्रतिशत, चीनतर्फ ४५.९ प्रतिशत र अन्य मुलुकतर्फ ३.७ प्रतिशतले निर्यात घटेको छ।

समीक्षा अवधिमा कुल वस्तु आयात १३.९ प्रतिशतले घटेर रु. ४३५ अर्ब ८० करोड पुगेको छ। भारतबाट भएको आयात १९.३ प्रतिशत, चीनबाट भएको आयात २ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ६.१ प्रतिशतले घटेको छ।

समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १२.५ प्रतिशतले घटी रु. ३९३ अर्ब ७ करोडमा सीमित भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १३.१ प्रतिशतले बढेको थियो। निर्यात-आयात अनुपात ९.८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११.२ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७२/७३ को आठ महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक विन्दुगत आधारमा १५.७ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ६.९ प्रतिशतले कमी आएकोले व्यापारको शर्त (Terms of Trade) मा २४.३ प्रतिशतले सुधार भएको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो अनुपात १९.२ प्रतिशतले बढेको थियो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाका, सुख्खा वन्दरगाह भन्सार नाका, वीरगञ्ज र भैरहवा भन्सार नाकाबाट भएको निर्यातमा वृद्धि भए तापनि अन्य भन्सार नाकाहरुबाट भएको निर्यातमा कमी आएको छ। आयाततर्फ समीक्षा अवधिमा मुलुकको प्रमुख व्यापारिक नाका वीरगञ्ज भन्सार नाकाबाट हुने आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ। चीनतर्फको रसुवागढी भन्सार नाका सुचारु भएता पनि तातोपानी भन्सार नाकाबाट अझै व्यापार हुन सकेको छैन।

## विप्रेषण आप्रवाह

समीक्षा अवधिमा विप्रेषण आप्रवाह १५.२ प्रतिशतले वृद्धि भई रु. ४२७ अर्ब ३७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ४ प्रतिशतले वृद्धि भएको थियो। विप्रेषण आप्रवाहमा भएको वृद्धिका कारण खुद ट्रान्सफर आय १९ प्रतिशतले वृद्धि भई रु. ५०० अर्ब ६० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १.३ प्रतिशतले बढेको थियो।

विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्यामा भने कमी आएको छ। अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७२/७३ को आठ महिनामा गत वर्षको सोही अवधिको तुलनामा २३.२ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १७.१ प्रतिशतले बढेको थियो।

## चालू खाता एवम् शोधनान्तर स्थिति

अघिल्लो वर्षको पहिलो आठ महिनामा रु. ११ अर्ब ६५ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा रु. १३८ अर्ब ५५ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको

क्रमशः पेज १० मा

पहिलो आठ महिनामा रु. ३५ अर्ब ७ करोडले बचतमा रहेको समग्र शोधनान्तर बचत समीक्षा अवधिमा रु. १५८ अर्ब १८ करोडले बचतमा रहेको छ।

समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर रु. ९ अर्ब ७२ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. २ अर्ब ३४ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु. ७ अर्ब ६३ करोड र वैदेशिक लगानी रु. २ अर्ब ६७ करोड रहेको थियो।

नेपाल राष्ट्र बैंकबाट लिइएको स्वीकृतिका आधारमा समीक्षा अवधिमा प्रत्यक्ष वैदेशिक लगानीमा रु. ६ अर्ब १० करोड लाभांश भुक्तानी भएको छ। गत आर्थिक वर्षमा प्रत्यक्ष वैदशिक लगानीको लाभांश स्वरुप रु. ७ अर्ब २१ करोड भुक्तानी भएको थियो।

## विदेशी विनिमय सञ्चिति

कुल विदेशी विनिमय सञ्चिति २०७२ असार मसान्तको रु. ८२४ अर्ब ६ करोडबाट २२.२ प्रतिशतले वृद्धि भई २०७२ फागुन मसान्तमा रु. १००६ अर्ब ६८ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७२ असार मसान्तको तुलनामा २०७२ फागुन मसान्तमा २३.८ प्रतिशतले वृद्धि भई रु. ८७० अर्ब ६७ करोड पुगेको छ। त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरु (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति
१२.४ प्रतिशतले वृद्धि भई रु. १३६ अर्ब १ करोड पुगेको छ। कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २१.२ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७२/७३ को आठ महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १८.८ महिनाको वस्तु आयात र १५.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगको अनुपातहरु क्रमशः ४७.४ प्रतिशत, १३१.७ प्रतिशत र ४९.० प्रतिशत रहेका छन्। २०७२ असार मसान्तमा यस्ता अनुपातहरु क्रमशः ३८.८ प्रतिशत, ९३.३ प्रतिशत र ४३.९ प्रतिशत रहेका थिए।

## सरकारी खर्च र राजस्व

समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ६.५ प्रतिशतले बढी रु. २३८ अर्ब ११ करोड पुगेको छ। यो रकम बजेट अनुमान रु. ८१९ अर्ब ४७ करोडको २९.१ प्रतिशत हुन आउँछ। अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च १७.३ प्रतिशतले वृद्धि भई रु. २२३ अर्ब ५८ करोड पुगेको थियो।

समीक्षा अवधिमा चालू खर्च ७.४ प्रतिशतले वृद्धि भई रु. १७९ अर्ब ६९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ६.९ प्रतिशतले वृद्धि भएको थियो। पूँजीगत खर्चमा १.१ प्रतिशतले मात्र वृद्धि भई रु. २२ अर्ब ९७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च ३९.४ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा भएको पूँजीगत खर्च बजेट अनुमान रु. २०८ अर्ब ८८ करोडको ११ प्रतिशत मात्र हुन आउँछ।

समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन ३.४ प्रतिशतले घटी रु. २३३ अर्ब १४ करोडमा सीमित भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १३.५ प्रतिशतले वृद्धि भएको थियो। कुल राजस्व बजेट लक्ष्य रु. ४७५ अर्बको ४९ प्रतिशत मात्र परिचालन भएकोले चालू आर्थिक वर्षमा लक्षित राजस्व संकलन हुन कठिन देखिन्छ।

## सार्वजनिक ऋण तथा नगद मौज्दात

समीक्षा अवधिमा नेपाल सरकारले रु. ९ अर्ब ५० करोड बराबर आन्तरिक ऋण परिचालन गरेको छ भने यस अवधिमा २२ अर्ब ३० करोड बराबरको आन्तरिक ऋणको भुक्तानी गरेको छ। फलस्वरुप, नेपाल सरकारको तिर्न बाँकी आन्तरिक ऋण २०७२ असार मसान्तमा रु. १९६ अर्ब ७९ करोड रहेकोमा २०७२ फागुन मसान्तमा रु. १८३ अर्ब ९९ करोड रहेको छ।

स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७२ फागुन मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. ९६ अर्ब ९ करोड नगद मौज्दात कायम रहेको छ।

## मुद्राप्रदाय

समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय ११.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ८.१ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७२ फागुन मसान्तमा विस्तृत मुद्राप्रदाय २३.६ प्रतिशतले बढेको छ। खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सानसमायोजित) रु. १५८ अर्ब १८ करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ३५ अर्ब ७ करोडले बढेको थियो।

समीक्षा अवधिमा सञ्चित मुद्रा ४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ४.८ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०७२ फागुन मसान्तमा उक्त मुद्रा ३०.९ प्रतिशतले बढेको छ। यस बैंकको खुद वैदेशिक सम्पत्तिमा आएको विस्तारका कारण सञ्चित मुद्रा बढेको हो।

## कुल आन्तरिक कर्जा

समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ५.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ६.४ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकमा रहेको नेपाल सरकारको निक्षेप बढेकोले कुल आन्तरिक कर्जाको वृद्धिदरमा केही संकुचन आएको हो। वार्षिक विन्दुगत आधारमा २०७२ फागुन मसान्तमा यस्तो कर्जा १५.३ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ११.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी १२.४ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७२ फागुन मसान्तमा १८.५ प्रतिशतले बढेको छ।

## निक्षेप संकलन र कर्जा प्रवाह

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप ८.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ७.६ प्रतिशतले बढेको थियो। वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ८.१ प्रतिशत, ५.१ प्रतिशत र ८.७ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा २०७२ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप २१ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १०.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ११.८ प्रतिशतले बढेको थियो।

क्रमशः पेज ११ मा

निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः ११.५ प्रतिशत, ७ प्रतिशत र १० प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा २०७२ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १८.७ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा औद्योगिक उत्पादन, थोक तथा खुद्रा व्यापार, निर्माण तथा कृषि जस्ता प्रमुख क्षेत्रहरुमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा कर्जा प्रवाह केही न्यून भएको छ। समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ९.२ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा १०.८ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा ६.७ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १९.८ प्रतिशत र कृषि क्षेत्रतर्फको कर्जा ९ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०७२/७३ को ८ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कुल कर्जामध्ये ५९.७ प्रतिशत कर्जा घरजग्गाको धितोमा र १३ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ५९.४ प्रतिशत र १३ प्रतिशत रहेको थियो।

२०७२ फागुनसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले घरजग्गा (Real Estate) क्षेत्रमा कुल रु. २२५ अर्ब ३६ करोड कर्जा (प्रति ग्राहक रु. १ करोड भन्दा कमको रु. १२७ अर्ब ८६ करोडको आवासीय घरकर्जा सहित) प्रवाह गरेका छन्। उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १५ प्रतिशत हुन आउँछ। २०७२ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले शेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको २.२ प्रतिशत (रु. ३२ अर्ब ७१ करोड) रहेको छ।

समीक्षा अवधिमा वाणिज्य बैंकहरुबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.५ प्रतिशत (रु. ३१ अर्ब २३ करोड) मात्र रहेको छ। समीक्षा अवधिमा वाणिज्य बैंकहरुबाट प्रवाहित ट्रष्ट रिसिट कर्जा (आयात कर्जा) १.२ प्रतिशत (रु. ६५ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १९ प्रतिशतले बढेको थियो।

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

समीक्षा अवधिमा साधारण पुनरकर्जा रु. २ अर्ब २६ करोड र निर्यात पुनरकर्जा रु. १ अर्ब १२ करोड गरी जम्मा रु. ३ अर्ब ३८ करोड पुनरकर्जाको उपयोग भएको छ। अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ रु. ३ अर्ब २२ करोड र निर्याततर्फ रु. १ अर्ब ८० करोड गरी कुल रु. ५ अर्ब २ करोड पुनरकर्जा उपयोग भएको थियो। भूकम्प पीडितहरुलाई राहत प्रदान गर्न यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७२ फागुन मसान्तसम्ममा रु. ५० लाख कर्जा प्रवाह भएको छ।

वाणिज्य बैंकहरुले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा २०७२ फागुन मसान्तसम्ममा वाणिज्य बैंकहरुको यस्तो कर्जा अनुपात १७.८९ प्रतिशत पुगेको छ। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले कुल कर्जाको ५.३८ प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गरेका छन्। अघिल्लो आर्थिक वर्षमा यस्तो कर्जाको अनुपात ४.९७ प्रतिशत थियो।

तोकिएका कृषि व्यवसायको लागि वाणिज्य बैंकहरुबाट ६.० प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७२ पुस मसान्तसम्ममा रु. १ अर्ब १६ करोड कर्जा प्रवाह भई १५५९ जना किसानहरुले रु. १ करोड ८० लाख ब्याज अनुदान प्राप्त गरेका छन्।

## तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७२/७३ को ८ महिनासम्ममा यस बैंकले रु. ४६९ अर्ब ३७ करोड तरलता प्रशोचन गरेको छ। यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. २९७ अर्ब ५० करोड, रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. १६२ अर्ब ७७ करोड तथा सोझै बिक्री बोल-कबोलमार्फत् रु. ९ अर्ब १० करोड तरलता प्रशोचन भएको छ। २०७२ फागुन मसान्तमा निक्षेप संकलन बोल-कबोल बक्यौता रकम रु. ११९ अर्ब १० करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोल-कबोलमार्फत् रु. ८५ अर्ब तथा रिभर्स रिपोमार्फत् रु. २७१ अर्ब १० करोड तरलता प्रशोचन भएको थियो।

आर्थिक वर्ष २०७२/७३ को ८ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर २ अर्ब ८९ करोड खुद खरिद गरी रु. ३०६ अर्ब ३३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब २२ करोड खुद खरिद गरी रु. २१३ अर्ब १३ करोड खुद तरलता प्रवाह भएको थियो।

समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ३ करोड र यूरो १ करोड बिक्री गरी क्रमशः रु. २१३ अर्ब ८४ करोड र रु. १ अर्ब १८ करोड बराबरको भा.रु. खरिद भएको छ। अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ३६ करोड बिक्री गरी रु. २३२ अर्ब ६० करोड बराबरको भा.रु. खरिद भएको थियो।

## ब्याजदर

२०७१ फागुनको तुलनामा २०७२ फागुनमा ९१-दिने ट्रेजरी विल, ९०-दिने निक्षेप बोलकबोल तथा अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर घटेको छ। २०७१ फागुनमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर १.१३ प्रतिशत रहेकोमा २०७२ फागुनमा ०.५३ प्रतिशत रहेको छ। २०७१ फागुनमा ९० दिने निक्षेप बोलकबोलको भारित औसत ब्याजदर ०.८६ प्रतिशत रहेकोमा २०७२ फागुनमा ०.३९ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ फागुनको १.८० प्रतिशतको तुलनामा २०७२ फागुनमा ०.४२ प्रतिशत रहेको छ। अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ फागुनको ४.०६ प्रतिशतको तुलनामा २०७२ फागुनमा ०.९८ प्रतिशत रहेको छ।

२०७२ फागुनमा वाणिज्य बैंकहरुको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.७० प्रतिशत रहेको छ। अघिल्लो वर्षको फागुनमा यस्तो ब्याजदर अन्तर ४.४९ प्रतिशत रहेको थियो। त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार ब्याजदर २०७१ फागुनको ७.५२ प्रतिशतको तुलनामा २०७२ फागुनमा ६.४६ प्रतिशत कायम हुन आएको छ।

# गभर्नर डा. चिरंजीबि नेपालसँग EGDDS Mission प्रमुखद्वारा शिष्टाचार भेटवार्ता

IMF EGDDS Mission का क्रममा नेपाल भ्रमणमा रहनु भएकी Ms. Yin Fun Lum ले चैत २३ गते गभर्नर डा. चिरंजीबि नेपालसँग उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गर्नुभयो ।

उक्त अवसरमा मिसन प्रमुख Lum ले Mission को उद्देश्य तथा Enhanced General Data Dissemination System (EGDDS) को महत्वका सम्बन्धमा प्रकाश पार्दै कोष यस सम्बन्धमा नेपाल राष्ट्र बैंकलाई प्राविधिक सहयोग प्रदान गर्न तयार रहेको बताउनु भयो ।



भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंक तथ्याङ्क प्रणालीको गुणस्तर वृद्धि गर्न प्रतिबद्ध रहेको उल्लेख गर्नुहुँदै यसका लागि हालको GDDS बाट EGDDS मा स्तरोन्नति गर्न तयार रहेको र यसका लागि कोषबाट प्राप्त हुने प्राविधिक सहयोग महत्वपूर्ण हुने कुरा बताउनु भयो ।

उक्त भेटवार्ताका क्रममा नेपाल राष्ट्र बैंकका तर्फबाट डेपुटी गभर्नर शिवराज श्रेष्ठ एवम् अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाको समेत उपस्थिति रहेको थियो ।

## निधन

सामान्य सेवा विभागका वरिष्ठ चालक राजेशकुमार लामिछानेको निधन भएको छ । नेपाल राष्ट्र बैंक समाचार उहाँको निधन प्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।

p4/0f **कारोबार दैनिक** २०७२ चैत १ गते

सम्पादकीय

## ऋणीको साख पहिचान

विगत केही वर्षयता नेपालमा बैंकिङ क्षेत्रको व्यापक वृद्धि भएको छ । यसबीचमा बैंक तथा वित्तीय संस्थाको आकारमात्र वृद्धि भएको छैन, तिनीहरूले प्रवाह गरेको वित्तीय सेवाका कारण अर्थतन्त्रसमेत चलायमान भइरहेको छ । बैंक तथा वित्तीय संस्थाहरूको कारोबारमा समेत व्यापक वृद्धि भइरहेको छ, बढ्दो कारोबारसँगै करिब आधा दर्जन बैंकको त नाफासमेत अर्बभन्दा नाघेको छ । यो वित्तीय प्रणालीका लागि सुखद संकेत हो । चालू आर्थिक वर्षको पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको संख्या ३० वाणिज्य बैंकसहित १९१ छ भने तिनको शाखा संख्या ४ हजार २३ पुगेको छ । ती बैंक तथा वित्तीय संस्थामा निक्षेप खाता संख्या १ करोड ५८ लाख १६ पुगेको छ भने कर्जा खाता संख्या १० लाख १० हजार पुगेको छ । राष्ट्र बैंकका अनुसार प्रतिशाखा हिसाब गर्दा बैंक तथा वित्तीय संस्थाको शाखाबाट औसतमा करिब ६९७१ जनसंख्याले सेवा प्राप्त गर्न पाइरहेका छन् । यसले वित्तीय पहुँच बढाएको देखाउँछ । ठूला बैंकहरूबाट मात्र होइन, करिब १६ हजारका संख्यामा रहेका बचत तथा ऋण र करिब ५ हजारको संख्यामा रहेका बहुउद्देश्यीय सहकारीबाट समेत आमनागरिकले अहिले निक्षेप तथा कर्जा सुविधा पाइरहेका छन् । लघुवित्त संस्थाहरूबाट समेत ऋण लिनेको संख्या ठूलो छ ।

सामान्यतया लघुवित्त संस्थामा सामूहिक जमानीमा दिइने कर्जाबाहेक बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट ऋण लिनका लागि धितो जमानी राख्नुपर्ने हुन्छ । प्रायःजसो घर, जग्गा वा उपभोक्ता कर्जाका हकमा सवारीसाधन वा कुन वस्तु लिन लागिएको हो त्यसलाई धितोमा राखी ऋण लिइन्छ । यदि कर्जाका लागि बैंकले तोकेअनुसारको धितोले खाम्ने अवस्था आयो भने सामान्य विश्वासका भरमा ऋण प्रवाह गर्ने पद्धति छ । त्यसो त बैंकको आफ्नै कर्जा शाखाबाट धितो मूल्यांकन र ऋणीको अवस्थासमेत मूल्यांकन गरेर कर्जा प्रदान गरिन्छ । तर, यस पक्षमा जोखिमको सम्भावना बढी हुन्छ ।.....

यतिखेर वित्तीय प्रणालीलाई जोखिममुक्त बनाउनका लागि हालसम्म चलाइका कदमहरू अपर्याप्त भएको आभाष हुन थालेको छ । पछिल्ला वर्षहरूमा बैंक तथा वित्तीय संस्थाहरूको बढ्दो संख्यासँगै ग्राहक बढाउन एक किसिमको होड नै चलेको देखिन्छ । एकअर्को बैंक वा वित्तीय संस्थाका राम्रा ग्राहक तान्नका लागि जस्तोसुकै हथकन्डा अपनाउने नीतिका कारण जोखिम बढेको हो भन्दा कुनै दुईमत हुन सक्दैन । कुनै पनि बैंक वा वित्तीय संस्थाले ऋण प्रवाह गर्दा तोकिएका मापदण्डहरू पूरा गर्न सकेनन् भने भोलि कुनै कारणवश प्रवाह गरिएको ऋण लगानी डुब्यो भने कसरी असुल-उपर गर्ने हो भन्ने विषयमा सबै सरोकारवाला पक्षहरू गम्भीर हुनैपर्छ ।

बिनाधितो कर्जा लगानी हुने, धितोको बढी मूल्यांकन हुने, कमसल धितो राखेर लगानी हुने, ऋणी तथा जमानीकर्ताको पहिचान हुन नसक्नेलगायतका कारणहरूले प्राधिकरणमा मुद्दा बढ्दो क्रममा छ । यदि मुलुकको वित्तीय प्रणालीलाई स्वस्थ्य बनाउने र आगामी दिनमा आइपर्ने सम्भावित जोखिमबाट बचाउने हो भने न्यायाधिकरणले दिएका कर्जा लगानी गर्दा ग्राहकको पहिचान राम्ररी गर्नुपर्ने, ऋणी तथा जमानीकर्ताको तीनपुस्ते विवरण ठीक दुरुस्त राख्नुपर्ने, व्यक्तिगत जमानीका आधारमा मात्र ऋण प्रवाह गर्न नहुने, धितोको मूल्यांकनमा कडाइ हुनुपर्ने, धितोको नियमति निरीक्षण तथा अभिलेख दुरुस्त हुनुपर्नेलगायतका सुझावहरूलाई कडाइका साथ लागू गर्न केन्द्रीय बैंकले तत्परता देखाउनै पर्छ । प्रणालीगत कमजोरीका कारण ठूला ऋणीले बैंक नै डुबाउने, अनि साना ऋणीलाई बैंकले डुबाउने विडम्बनापूर्ण स्थितिको अन्त्य गर्न सरकार र केन्द्रीय बैंकले विशेष नीति बनाउनु आवश्यक भइसकेको छ ।

*प्रकाशक*

नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
विभुप्रसाद अर्याल

*सम्पादन सहयोगी*
सुरेश पन्त
सौरभ पोखरेल
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४७७०६१३, ४७७०२५३